बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

धादिङबेसी, धादिङ

## पशुपन्छी विकास कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशितः मिति २०८०/०८/११ गते**

**सूचना नं.-४**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रमहरु सञ्चालनका लागि यस जिल्ला भित्रका न्युनतम मापदण्ड पुरा गरेका इच्छुक आवेदकले यो सूचना प्रकाशित मितिले ३० दिन (२०८०/०९/११ गते) भित्र रु. १० को हुलाक टिकट टाँसी "पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" को अनुसूची-२ बमोजिमको आवेदन पत्र सहित तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धादिङमा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव छनौट प्रक्रियामा समावेश नहुने व्यहोरा जानकारी गराइन्छ ।

तपशिलः

| क.सं | कार्यक्रमको नाम | इकाई | परिमाण | कार्यालयको तर्फबाट अधिकतम प्रोत्साहन रकम रु. | आवेदक | न्युनतम मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | संख्या | १ | १५ लाख प्रति इकाई | दुग्ध उत्पादक सहकारी संस्था | संस्थाको स्थापना १ वर्ष पुरा भएको, दैनिक कम्तीमा १५० लि. दुध संकलन, आवेदक संस्थाले दैनिक कम्तीमा १० लि. दुध बिक्री गर्ने १५ जना कृषकको प्याकेज बनाई अनुसूची-१४ सहित प्रस्ताव पेश गर्नुपर्ने | |
| २. | खरी बाख्रा विकास कार्यक्रम | प्याकेज | २ | १५ लाख प्रति इकाई | पशुपालक कृषक समूह/सहकारी | समुहमा कम्तीमा १० जना खरी बाख्रा पालक कृषक सदस्य, प्रत्येक सदस्यसँग कम्तीमा ५ वटा खरी माउ बाख्रा र अनिवार्य बिमा गरेको हुनुपर्ने | |
| ३. | चौरी प्रवर्द्धन कार्यक्रम | संख्या | १ | १५ लाख प्रति इकाई | कृषक समूह/ निजी चौरी फार्महरु | समूहमा कम्तीमा ५ जनाले चौरी पालेको र कूल ५० चौरी हुनुपर्ने, निजी फार्मको हकमा कम्तीमा १५ वटा चौरीपालन गरेको हुनुपर्ने | |
| ४. | बंगुरपालन प्रवर्द्धन कार्यक्रम | संख्या | ३ | ५ लाख प्रति इकाई | बंगुरपालक कृषक समूह/ निजी फार्म | समूहमा कम्तीमा १० जना बंगुरपालक सदस्य, प्रत्येक सदस्यसँग कम्तीमा ३ वटा माउ बंगुर र निजीको हकमा कम्तीमा २० वटा माउ बंगुर र बिमा गरेको हुनुपर्ने | |

https://mail.google.com/mail/u/0/#inbox/FMfcgzGwHpXLDzzcTdsjzXTCWgGpZlzj?projector=1


Scanned with CamScanner

**अनुसूची-२ अनुसारको आवेदन पत्र साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**

१. अनुसूची-४ बमोजिमको कार्ययोजना

२. अनुसूची-५ बमोजिमको स्व-घोषणा

३. अनुसूची-६ बमोजिमको कार्यक्रम संचालन गरिने स्थान खुल्ने नक्सा

४. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि

५. कृषक समूह/सहकारी/निजी उद्यमी दर्ता/नविकरण र PAN दर्ता प्रमाणपत्रको प्रतिलिप

६. गत आ.व.को लेखा परीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि (वा अन्य कुनै प्रमाणित कागज)

७. कृषक समूह/सहकारीको हकमा कार्यक्रम पेश गर्ने तथा अख्तियारी दिने सम्बन्धी बैठकको निर्णय प्रतिलिपि

८. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा पाँच वर्षको करार सम्झौता पत्र

९. कार्यक्रममा सहभागी गराइदिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस (पशु सेवा शाखाबाट पशुपन्छीको संख्या समेत खुलाउनुपर्ने ।

१०. कृषक समूह/सहकारीले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र ।

नोटः कार्यक्रम सम्बन्धी थप जानकारी कार्यालयको सूचना पाटीबाट र फोन नं. ०१०-५२०९६३ मा सम्पर्क राखी लिन सकिनेछ । साथै आवश्यक अनुसूची तथा कार्यक्रम अन्तर्गत संचालन गर्न सकिने क्रियाकलापहरु सम्बन्धी विवरण पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेबसाईट https://molmac.bagamati.gov.np/ बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।

कार्यालय प्रमुख

https://mail.google.com/mail/u/0/#inbox/FMfcgzGwHpXLDzzcTdsjzXTCWqGpZlzj?projector=1



Scanned with CamScanner